# सूचना र मानव अधिकार अनुसन्धान केन्द्र

**Information and Human Rights Research Center (IHRC)**

नेपालगन्ज-१०, बाँके

# संस्थागत रणनीतिक योजना

२०७९-२०८३ (2022 - 2026)

Scanned with CamScanner

## अध्यक्षको मन्तव्य

सुचना र मानव अधिकार अनुसन्धान केन्द्र बांके आई एच आर सि मुनाफारहित जनहितकारी गैरसरकारी सामाजिक संस्था हो । यो संस्था २०६९ सालमा जिल्लामा रहेका कानूनविद, संचारकर्मी र अधिकारकर्मीहरुको प्रयासमा जिल्ला प्रशासन कार्यालय बांकेमा दर्ता भइ क्रियाशील रहेको छ । संस्थाले सूचना र मानव अधिकारका क्षेत्रमा पैरवी गरी सुमदायलाई सुसुचित गर्दै आएको छ । यसै क्रममा संस्था स्थापनाको छोटो अवधीमा २०७३ चैतदेखि यस संस्थाले बाके, वर्दिया जिल्लामा पारस्परिक जवाफदेहिता परियोजनामार्फत सुशासनको क्षेत्रमा समेत विशष काम गरिरहेको छ  भने आगामी ५ वर्षमा यस संस्थाले आफनो कार्यक्षेत्र विस्तार गर्दै प्रदेश स्तरका सवै जिल्लामा काम गर्ने लक्ष्य लिएको छ ।

संस्थाको समग्र विकास र आगामी कार्यदिशाका लागि संस्थाका कार्यसमिति, कर्मचारी र साधारण सदस्यहरुको सहभागिता र स्थानीय समुदाय र सरोकारवालाहरुको सुझावमा रणनीतिक योजना गोष्ठी गरी आगामी ५ वर्षकालागि रणनीतिय योजना तयार गरेको छ । यस रणनीतिक योजनाले संस्थालाई आगामी ५ वर्षसम्म दिशानिर्देश  गर्ने छ । संस्थाको परिकल्पना, ध्येय, लक्ष्य, उद्देश्य र नतीजा लगायतका विषयवस्तुहरु गोष्ठीवाट तय गरिएका छन् । संस्थाले आगामी ५ वर्षका लागि सुशासन, सुचनाको हक, मानव अधिकार र शान्ती  विषयगत क्षेत्रलाई जोड दिनेछ । यस रणनीति पत्रमा तय गरिएका लक्ष्य उद्देश्य र क्रियाकलापहरु पुरा गरी नतीजा हासिल गर्न सरकारी तथा गैरसरकारी निकाय दातृ संस्था र संस्थाको आफ्नै प्रयासमा श्रोत परिचालन गर्ने लक्ष्य लिइएको छ ।

यस संस्थाको रणनीतिक योजना (आ.व. ०७८/०७९ देखि ०८२/०८३ सम्म) को निर्माणका लागि आर्थिक सहयोग गर्ने (FHI360) अर्न्तगत (CS:MAP) परियोजना र परामर्शदाता डिल्लु राम घिमिरे प्रति आभार प्रकट गर्दछु । साथै रणनीतिक योजना निर्माणमा योगदान गर्नुहुने संस्थाको कार्यसमितिका साथीहरु, कार्यकारी निर्देशक राकेशकुमार मिश्र, कार्यकम प्रवन्धक रविन्द्रकुमार ज्ञवाली, सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यस संस्थालाई यहाँसम्म ल्याइ पुऱ्याउन प्रत्यक्ष परोक्षरुपले सहयोग पुऱ्याउनुहुने सवैलाई धन्यवाद सहित रणनीतिक योजनाले निर्देशित गरेका नतीजा प्राप्तीमासंस्था प्रतिवद्ध रहेकोले सदाझै सवै सरोकारवालाहरुको निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

**अधिवक्ता विश्वजीत तिवारी**

**अध्यक्ष**

**सुचना र मानव अधिकार अनुसन्धान केन्द्र, नेपालगन्ज**



Scanned with CamScanner

# परिच्छेद-१

## पृष्ठभूमि

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक विशेषतायुक्त देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक, सन्तुलित र न्यायसँगत प्रगति हुन सकेमात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।

नेपालको संविधानमा सूचना र मानव अधिकारलाई आत्मसात गरिएको छ भने यसलाई मौलिक हक र राज्यका निर्देशिक सिद्धान्तहरुमा पनि व्याख्या गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा वजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेज़हरुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरू लगाएत सूचना र मानव अधिकारलाई सम्बोधन गर्दै राष्ट्रिय प्राथमिकतामा राखिएको छ । यसै कार्यलाई कार्यान्वयन गर्न महिला तथा बञ्चितीमा परेको वर्गहरुलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी विकास गर्न विभिन्न सरोकारवाला निकायहरुले विभिन्न प्रयास गर्दै आइरहेका छन् ।

संघियता पश्चात स्थानीय विकास आवश्यकता परिपूर्तिका लागी आवश्यक नीति,कानून, योजना र कार्यक्रम तर्जुमा स्थानीय तहले गर्ने तथा योजना निर्माणका बिभिन्न चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण एवम् सूचना र मानव अधिकार मूलप्रवाहीकरणका प्रकृयाका लागी आवश्यक समन्वय कायम गराउनुका साथै सहकार्यका लागि प्रतिवद्धता व्यक्त भएका छन । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीयतहले आफ्नो क्षेत्रका विकासका लागि आवधिक र वार्षिक योजना तर्जुमा गर्दा महिला र बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको समुदायको विकासको लागि आयमूलक तथा सिपमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । सन् २०३० सम्ममा हासिल गर्ने प्रतिवद्धता जनाईएको दिगो बिकासका लक्ष्यहरु तथा नेपालको पन्ध्रौ योजनामा समेत लैगिंक समानता तथा सामाजिक समावेशिकरण र सूचना र मानव अधिकारका विषयलाई महत्वपूर्ण स्थान दिईएको छ ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्ननेपाल सरकारले ऐन, कानून, नीति तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै आईरहेको छ साथै अन्तर्राष्ट्रिय स्तरमा समेत यसका लागी विभिन्न प्रतिबद्धताहरु व्यक्त गरेको छ । हाल स्थानीय स्तरमा समेत यस बिषयमा भएका र आवश्यक पहलहरुको योजनाबद्ध कार्यान्वयन र सम्वद्ध सबै सरोकारवालाहरु (सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय लगायत सबै) को साझा प्रयासमार्फत लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण गरि सूचना र मानव अधिकार लाई व्यवस्थित र प्रभावकारी बनाउनका लागी सूचना र मानव अधिकार अनुसन्धान केन्द्रले यो रणनीतिक योजनाको तर्जुमा गरेको छ ।



Scanned with CamScanner

## १. संस्थाको परिचय

सूचना र मानव अधिकार अनुसन्धान केन्द्र नेपालगन्जले सूचनाको हक, सुशासन र मानव अधिकार र शान्तीका क्षेत्रमा काम गर्ने एक गैह्र सरकारी संस्था हो । सुचना तथा सञ्चार, मानव अधिकार, कानुन, समाजसेवा, अधिकारको क्षेत्रमा विशेष योगदान दिएका व्यक्तिहरुको समुह मिलेर यो संस्था निमार्ण गरिएको हो । यस संस्थाले स्थापनाकालदेखि नागरिकको सूचनाको हक प्रत्याभुत गराउन प्रतिवद्ध भइ नागरिक अभियान, सचेतना, क्षमता अभिवृद्धि, अनुगमन तथा अनुसन्धान जस्ता कार्यक्रम तथा अभियान सञ्चालन गर्दै आएको छ ।

स्थानीय तहमा रहेको स्थानिय, प्रदेश र संघीय स्तरका सार्वजनिक निकायमा सर्वसाधारणको पहुँच अभिबृद्धि, सहभागीता र सुशासन कायम गर्नमा विशेष भूमिका निर्वाह गर्दै राज्यलाई सहयोग पुऱ्याउनमा मद्दत गरेको छ भने समुदायलाई आफना हक अधिकारका बारेमा जागरुक बनाउनमा सहयोग पुरयाउने कार्य गर्दै आएको छ । बिशेष गरि मानव अधिकार, मौलिक अधिकार, सूचनाबाट बञ्चित रहेका नागरिकहरुको अधिकार सुनिश्चित गर्ने, कानून न्याय र शान्तिकालागि वकालत गर्ने र सार्वजनिक निकायमा पहुच अभिवृद्धि गर्नमा विशेष भुमिका निर्वाह गर्दै आएको छ । हाल सम्म संस्थाले नागरिकहरुलाई सूचानाको हक वारेमा सचेतना अभिवृध्दि गर्नुका साथै सरोकारवाला निकायहरुको नीति निर्माण, शुसासन र सूचनाको हक प्रवाह गर्ने विषयमा उपलव्धीमुलक कार्यहरु गरेको छ ।

संस्थाले रणनीतिक योजनामा सूचनाको हक, सुशासन, मानव अधिकार र शान्तीजस्ता विषयगत क्षेत्रमा नतिजाहरु प्राप्त गर्नका लागि नागरिक अभियान, खबरदारी, सचेतनां क्रियाकलापहरु गरेको छ । संस्थाका नतिजाहरु प्राप्तीका लागि वकालत गर्ने, सुसुचित गर्ने, क्षमता अभिवृद्धि गर्ने, अध्ययन अनुसंधान गर्ने, गठवन्धनहरु निर्माण गर्ने र परिचालन गर्ने जस्ता रणनीतिहरु तय गरेको छ । आगामी ५ वर्षमा संस्थाले सूचनामैत्री वातावरण तय गर्न, जवाफदेहिताको औजारहरुको प्रयोगवाट सुशासन कायम गरी सार्वजनिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन र मानव अधिकारको संरक्षण र सम्वर्द्धन गरी सामाजिक सदभाव कायम गर्न योगदान दिने लक्ष्य राखेको छ ।

## २ .रणनीतिक योजना तयारीको उद्देश्य

- सार्वजनिक निकायमा सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा हालसम्म भएका प्रयासहरुलाई व्यवस्थित गर्ने ।
- सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागी लक्षित वर्ग तथा सरोकारवालाहरुको पहिचान गर्ने ।
- सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा भएका मुख्य समस्या तथा चुनौतिहरुको पहिचान गरी समाधानका उपायहरुको खोजी गर्ने ।
- सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा आगामी दिनका गर्नुपर्ने कार्यहरुको पहिचान गरी मूलप्रवाहिकरणका लागी आवश्यक रणनीतिहरुको तर्जुमा गर्ने ।
- सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका क्षेत्रमा सार्वजनिक निकाय भित्र हुने कार्यहरुमा एकरुपता कायम गर्ने ।



Scanned with CamScanner

- सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणका लागी साझा प्रयासको थालनी गर्ने ।

## ३. रणनीतिक योजना तुर्जमाको बिधि तथा प्रकृया

यस संस्थाको सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण रणनीतिको तर्जुमाका लागी संस्थाका पदाधिकारीहरुसंग प्रारम्भिक बैठक बसी योजना निर्माणको आवश्कता तथा महत्व, योजना निर्माणका लागी गर्नुपर्ने कार्यहरुका विषयमा छलफल गरी रणनीतिक योजना निर्माणका लागि ३ सदस्य कार्यदल गठन गरिएको थियो । तत्पश्चात संस्थामा सूचना र मानव अधिकार तथा लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरण सम्वन्धि आवश्यक दस्तावेज तथा तथ्याङ्क संकलन, अध्ययन र बिश्लेषण गरी कार्यदल तथा पदाधिकारीहरु संगको छलफल पछि संस्थाका पदाधिकारी, कर्मचारी तथा सम्बन्धित सरोकारवालाहरुलाई सूचना र मानव अधिकारतथा लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणको महत्व, आवश्यकता तथा रणनीति निर्माण सम्वन्धि ३ दिने अभिमुखिकरण गरीएको थियो । यसै क्रममा लक्षित समुदायका समस्या, माग तथा आवश्यकता पहिचानका लागि लक्षित समुह छलफल तथा रणनीतिको परिकल्पना, लक्ष्य, उद्देश्य तथा रणनीतिहरु निर्माणका लागी संस्थामा कार्यशालाको संचालन गरीएको थियो । संस्थामा सूचना र मानव अधिकारतथा लै.स.सा.सको अवस्था विश्लेषण गर्नका लागी सम्वीन्धत सरोकारवाला व्यक्तिहरु संग अर्न्तवार्ता तथा छलफल समेत गरीएको थियो । तथ्याङ्क संकलन, अध्ययन र विश्लेषण, कार्यशाला, लक्षित समुह छलफल पश्चात रणनीतिको मस्यौदा तयारी गरी सम्वन्धित सरोकारवालाहरुसंग मस्यौदा माथि सुझाव तथा पृष्ठपोषण संकलन कार्य गरीएको थियो । प्राप्त सुझाव तथा पृष्ठपोषणहरुका आधारमा मस्यौदालाई अन्तिम रुप दिई संस्था संग मस्यौदा माथी छलफल गरी अन्तिम मस्यौदा कार्यसमितिमा छलफल तथा पारितका लागी पेश गरीएको थियो ।

## ४. रणनीतिक योजना तुर्जमाका चरणहरु






Scanned with CamScanner

## ५ .रणनीतिक योजना निर्माणका आधारहरु

| क.सं. | आधार | विवरण |
|---|---|---|
| १ | नेपालको संविधान | वर्गीय, जातीय,क्षेत्रीय, भाषिक, धार्मिक, लैगिंक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समाुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प मौलिक हक, सुचनाको हक सम्बन्धी ऐन २०६४,<br>❖ मौलिक हक अर्न्तगत<br>✓ धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हक<br>✓ धारा १८ मा समानताको हक<br>✓ धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हक<br>✓ धारा ३८ मा महिलाको हक<br>✓ धारा ३९ मा बालबालिकाको हक<br>✓ धारा ४० मा दलितको हक<br>✓ धारा ४२ मा सामाजिक न्याय, धारा ४३ सामाजिक सुरक्षाको हक<br>सूचनाको हक सम्बन्धि ऐन २०६४<br>❖ राज्यका निर्देशक सिद्धान्तहरुमा लैगिंक समानता, समानुपातिक समावेशीकरण, सहभागीता र सामाजिक न्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्यव्यवस्थाको स्थापना गर्ने उल्लेख भएको।<br>❖ राज्यका नीतिहरु<br>❖ स्थानीय सरकारले संविधान, संघ र प्रदेश कानून संग नबाभिने गरी आवश्यक कानून निर्माण गरी लागु गर्न सक्ने।<br>❖ अनुसूचि ८ स्थानीय तहको अधिकार सूचि |
| २ | १५ औ योजना | ❖ सम्बृद्ध नेपाल सुखी नेपाली को दिगो सोच<br>❖ सामाजिक क्षेत्र अर्न्तगत लैगिंक समानता तथा महिला सशक्तिकरणका लागी लैगिंक समानतामूलक राष्ट्को सोच<br>❖ लैगिंक सम्बन्धी क्षेत्रगत नीती, कानून तथा कार्यक्रम तर्जुम ागर्ने रणनीति<br>❖ समावेशीकरण अर्न्तगत राज्यका सबै नागरीकको र अर्थपूर्ण सहभागीतामा समावेशी विकासको सोच तथा स्रोत साधनमा लक्षित वर्गको पहुँच बढाउने रणनीति |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ३ | दिगो विकासका लक्ष्यहरु सन् २०१६ देखि २०३० | ❖ लक्ष्य ५ मा सन् २०३० सम्म लैंगिक समानता हासील गर्ने र सबै महिला र किशोरीहरुको सशक्तिगकरण गर्ने लक्ष्य<br>❖ लक्ष्य १० असमानता न्यूनीकरण गर्ने (उमेर, लिङ्ग, अपाङ्गता, जातीयता, उत्पत्ति, धर्म वा आर्थिक वा अन्य हैसियत जेसुकै भए तापनि सबैका लागि सामाजिक तथा राजनीतिक समावेशितालाई प्रवर्द्धन गरी त्यसलाई सशक्त पार्ने ) |
| ४ | स्थानीय सरकार संचालन ऐन २०७४ | गाँउपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार( परिच्छेद ३, दफा ११)<br>❖ स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन<br>❖ स्थानीय स्तरका विकास आयोजना तथा परीयोजना व्यवस्थापन<br>❖ जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन<br>दफा १२ वडा समितिको काम कर्तव्य अधिकार<br>❖ सहभागीता मूलक योजना तर्जुमा प्रणली अनुसार वस्ती वा टोल स्तरमा योजना तर्जुमा ।<br>❖ विकास कार्य<br>❖ सुशासन समिति बनाउनु पर्ने<br>❖ , सुशासन ऐन २०६४, |
| ५ | राष्ट्रिय लैंगिक समानता नीती २०७७ | ❖ लैंगिक समानतायुक्त राष्ट्रको सोच<br>❖ महिलाको आर्थिक, सामाजिक र राजनीतिक रुपमा सशक्तिकरण सहित कानुनी तथा व्यवहारिक रुपमा महिला, पुरुष, लैंगिक तथा यौनिक अल्पसंख्यक बीच समानता स्थापित गर्ने लक्ष्य । |
| ६ | स्थानीय तहका नीति, कार्यक्रम तथा योजनाहरु | ❖ वार्षिक नीति तथा कार्यक्रम, योजना<br>❖ अन्य विभिन्न नीतिहरु |
| ७ | विभिन्न अन्तर्राष्ट्रिय घोषणा तथा प्रतिवद्धताहरु | ❖ मानव अधिकार सम्बन्धि विश्व घोषणा पत्र १९४८<br>❖ महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गर्ने अभिसन्धि १९७९<br>❖ बाल अधिकार महासन्धि १९८९<br>❖ अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि २००६<br>❖ सबै प्रकारका जातीय भेदभाव अन्त्य गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९६५ |



Scanned with CamScanner

## ६.परिभाषा तथा मुख्य शब्दावलीहरु

क) **"संस्था"** भन्नाले सूचना र मानव अधिकार अनुसन्धन केन्द्र लाई सम्झनु पर्दछ ।

ख) **"लै.स.सा.स"** भन्नाले लैगिंक समानता तथा सामाजिक समावेशिकरणलाई सम्झनु पर्दछ ।

ग) **"पदाधिकारी"** भन्नाले सूचना र मानव अधिकार अनुसन्धन केन्द्रका निर्वाचित तथा मनोनित प्रतिनिधिहरुलाई सम्झनु पर्दछ ।

ङ) **"रणनीति"** भन्नाले यस सूचना र मानव अधिकार अनुसन्धन केन्द्रको संस्थागत रणनीतिक योजना सम्झनु पर्दछ ।

च) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनुपर्दछ ।

छ) **"योजना"** भन्नाले समग्र विकास निमार्ण सम्वन्धी कार्यको लागि तयार गरिएको संस्थाको विकास योजना, वार्षिक विकास योजना र विषयगत गुरुयोजना, रणनीति योजना आदि सम्झनु पर्छ ।

ज) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नवाट वञ्चित भई जोखिममापरेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नवाट वञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चितत‌तालाई सम्झनु पर्दछ ।

झ) **"विकास साझेदार"** भन्नाले कानुन वमोजिम संस्थामा विभिन्न क्षेत्रको विकासका लागी नगद, जिन्सी एवम् प्रविधिक सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, सयुक्त राष्ट्रसंघीय निकायहरु तथाअर्न्तष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ ।

ञ) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया वमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

ट) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्वन्धी तालिम, अभिमुखिकरण, सिप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तिकरण गर्ने उद्देश्यले निश्चित प्रक्रिया अवलम्वन गरी प्रचलित कानून बमोजिम स्थापना भएका संस्था तथा स्थानीय तहमा सूचीकृत भएका समुदायमा आधारित संस्था सम्झनु पर्छ ।

ठ) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका गैरनाफामूलक संस्था सम्झनु पर्दछ ।



Scanned with CamScanner

ड) **"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक,लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

ढ) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

ण) **"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अतिसीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

त) **"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

द) **"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्छ ।

प) **"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा श्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट वञ्चित भई गरिबी तथा सामाजिक रुपमा वञ्चितीकरणमा परेका समूहहरुलाई निर्णय प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन, सेवा तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

फ) **"लक्षित समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग एवम् नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

ब) **"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एवं एच.आई.भि.संक्रमित व्यक्ति तथा अन्य सीमान्तकरण परेका समुहहरुको तहगत तथ्याङ्कलाई सम्झनु पर्दछ ।



Scanned with CamScanner

# परिच्छेद २

## ७.संस्थामा सूचना र मानव अधिकार तथा लै.स.सा.सको अवस्था

सूचना र मानव अधिकार अनुसन्धान केन्द्रमा सूचना र मानव अधिकार लैगिंक समानता तथा सामाजिक समावेशिकरण मूलप्रवाहिकरणको अवस्था मध्यम खालको रहेको छ । संस्थाले समुदाय भेला, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण जस्ता विभिन्न संरचना तथा कार्यक्रमहरुमा सूचना र मानव अधिकारमा सचेतनाका लागी लै.स.सा.स अनिवार्य गरेको छ । संस्थाले बालिकाहरुको शिक्षा, स्वाथ्य तथा सूचना र मानव अधिकार स्थापितका लागी  कार्यक्रम समेत संचालन गरेको छ । संस्थामा नेपाल सरकारको नियम बमोजिम कार्यसमितिमा समावेशी प्रतिनिधिहरुको प्रतिनिधित्व रहेको छ । संस्थाले बार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट मार्फत सूचना र मानव अधिकार तथा लै.स.सा.सका लागी लक्षित समुहलाई विशेष ध्यानमा राखि कार्यक्रमहरु तर्जुमा गर्दै आईरहेको छ । गाउँपालिकामा आमा समुह, बालक्लब, युवा क्लब जस्ता समुदाय स्तरका सरचनाहरु सूचना र मानव अधिकार तथा लै.स.सा.सका सवालमा क्रियाशिल भै कार्य गरिहरहेका छन् ।

### ७.१ संस्थाले विगत ५ वर्षमा गरेका उल्लेख्य उपलब्धीहरु :

- सूचनाको हकका बारेमा बाँके र बर्दिया जिल्लाका नागरिकहरु सुसूचित भएको र नागरिकहरुले स्वतस्फूर्त रुपमा सूचनां प्राप्त गर्न थालेको ।
- सूचनाको हक सम्वन्धि कार्यक्रम मार्फत सरोकारवालाहरुले सार्वजनिक सरोकारका मुद्धाहरुलाई सम्वोधन गरेको छन, जस्तै नेपाल विद्युत प्राधिकरणले नेपालगंजमा दैनिक हुने गरेको लोड सेडिङ्ग हटाएको, मिटर दिन आनाकानी गरेकोमा पछि तुरुन्त मिटर दिएको, दूर सञ्चार लिमिटेडले लाईन जडान गर्नमा ढिलाई गर्ने व्यवहारमा परिवर्तन गरेको, खानेपानीका लाइनहरु तत्काल जडान गरिदिएको, आमाको नामबाट १० जनाले नागरिकता प्राप्त गरेको, जीर्ण भएको पुर्जा नयां प्राप्त गरेको, विधालयले तत्काल छात्रवृत्ति वितरण गरेकौं, जस्ता कार्यहरु गर्न सफल भएको ।
- नागरिकहरुले सूचनाको हक सम्वन्धि कानूनको महत्व बुझ्नाले सेवाप्रदायक कार्यालयहरुले राम्रो सेवा प्रवाह गर्न शुरु गरेको ।
- वाँकेको साविक गनापुर गा.वि.स. नमूना सूचना मैत्री गा.वि.स. बन्न सफल भएको ।
- सूचना अभियन्ताहरुको  ४ वटा संजाल निर्माण भएको जस्मा १०० जना संलग्न भएको  र सो संजालले सूचनाको हकमा कार्य गरिरहेको । स्थानीय तहबाट बजेट छुटयाउन सफल भएको उपमहानगरपालिको वडा नं. ५, ७, ८, १०, ११ मा सूचनाको हक सम्वन्धि अनुशिक्षण गरेको । यसरी नै डुडुवा र जानकी गाउपालिकाको आर्थिक सहयोगमा सूचनाको हक सम्बन्धि कार्यक्रम गरेको ।



Scanned with CamScanner

- बाँके र बर्दिया जिल्लाका कति वटा सार्वजनिक निकायहरुमा सूचना अधिकारी तोकिएको । बाँकेको वाणिज्य तथा उपभोक्ता हीत संरक्षण कार्यालय लगायत १० वटा बढी कार्यालयहरुले प्रत्येक ३-३ महिनमा नियमित स्वतः प्रकाशन गर्नपने विवरण प्रकाशन गर्न थालेको ।
- बाँके र बर्दिया जिल्लाका सार्वजनिक सरोकारका सवालहरुको पहिचान गरी उच्च अदालतमा Public Interest Litigation (PIL) सार्वननिक जनहित याचिका मुद्धा दायर गरी सरोकारवालाहरुलाई सवाल कार्यान्वान गर्न गराउन अदालतबाट सफलता प्राप्त गरेको । (५० वटा जति विधुत प्राधिकरण, सडक दुर्घटनाकालागि यातायात कार्यालय, जनस्वास्थ्य कार्यालय, जिल्ला प्रशासन, शिक्षा, भेरी अस्पताल, स्मशान घाट, कोभिड १९, दुर्घटना न्यूननिकरण, सम्मान पुर्वक दाह संस्कार, छाडा पशु व्यवस्थापन, वाल उद्यान, डिस्टिलरीको प्रदुषण व्यवस्थापन आदि) सुधार आएको । वेलावेलामा अदालतले गरेका आदेशहरु कार्यान्वियनका लागि सरोकारवाला निकायहरु सँग छलफल गरी आदेश कार्यान्वयको लागि पहल गरेको ।
- वांके र वर्दियामा सूचना अधिकारी तोक्ने र तीन तीन महिनामा सूचना सार्वजनिक गर्ने वारेमा पिआइएल र आरटीआई निवेदन पछि ६० प्रतिशत कार्यालयले सूचना अधिकारी तोकेको र भूमिसुधार कार्यालय वर्दिया र जिल्ला समन्वय समिति वांकेले तीन तीन महिनामा सूचना अद्दावधिक गर्ने गरेको ।
- रानीतलाव तरकारी बजारमा ७ वर्ष देखि चुनाव नभएको, आर्थिक पारदर्शिता नभएको र वर्षमा ३० लाख उठने सवालमा सूचना माग गर्दा विवाद बढेको, ज्यान मार्ने धम्की समेत आएको र अन्तिममा समितिका अध्यक्षले २,५६,००० तिर्ने गरी व्यवस्था मिलाएको र चुनाव भएको जस्ता कार्यहरु गर्न सफल भएको । चुनावी प्रक्रियावाट समिति भएको, भ्रष्टाचार वाहिर आएको र पिडित किसान समितिमा समावेश भएको ।
- नापी कार्यालयमा ट्रेस नक्शा तत्काल उपलव्ध नगराएकोमा पछि तुरुन्त उपलव्ध गराएको ।
- सूचनाको हक, शुसासन र मानव अधिकारको विषयमा संस्थाको पहिचान बनेको ।

**७.२ संस्थाका विगत ५ वर्षका सिकाईहरु**

- संस्थाले परियोजनामुखी कार्यक्रम नभइ अभियानमुखी कार्यक्रम संचालन गर्नु पर्ने रहेछ ।
- जिल्ला भन्दा वाहिर रहेका सवालहरु मिडिया, वेभसाईट, टोल फ्री नम्बर, सामाजिक संजाल जस्ता माध्यमबाट पहिचान हुन सक्ने रहेछ ।
- पहिचान गरिएका सवालहरु सम्वोधन गर्न मोवाईल एप्लीकेशनहरुको प्रयोगले सहजता हुने रहेछ ।
- सफलता तथा असफलताका व्यक्तिगत, सामुदायिक कथाहरु तयार गरी अभिलेखिकरण सहित व्यवस्थित राख्नु पर्ने रहेछ ।
- कार्यालयका कागजात, रिपोर्ट, माईन्युटवुक, रजिस्टरहरु जस्ता महत्वपूर्ण कागजातहरु अद्यावधिक गरी पंजिकरण (चेकलिस्ट) गरी सुरक्षित स्थानमा राख्न पर्ने रहेछ ।



Scanned with CamScanner

- कार्यालयका कृयाकलापहरु प्रकयागत तथा तथ्यगत (प्रमाण सहितको) आधारमा गर्नु पर्ने रहेछ ।
- सम्वन्धित सरोकावालाहरुसँग नियमित सम्पर्क, समन्वय र सम्वन्ध विस्तारका लागी संस्थामासक्रिय टौली गठन गर्नु पर्ने रहेछ ।
- सूचनाको हक सम्वन्धि समुदाय सचेत हुंदा स्थानीय नागरिक तथा सरोकारवाला निकायको माग तथा चासो बढने रहेछ उक्त मागहरुलाई प्राथमिकरण गर्नुपर्ने ।
- सूचनाको हक, शुसासन मानवअधिकार, वातावरण , कानून, सार्वजनिक जनहित याचिका वाहेक सरसफाई जस्ता कृयाकलापले पनि लक्षित समुदायका नागरिकहरुमा पहूँचमा वृद्धि हुदो रहेछ ।
- संस्थाले काम गर्ने क्षेत्रको अनुसन्धान , समुदायको समस्या चुनौती र उपायहरु पहिचान अनुसारको योजना सहितको पैरवी जस्ता कार्यहरुको प्रमाणको आधारमा समुदाय मै वसेर तथ्यांक संकलन गर्नुपर्ने रहेछ । गर्नुपर्ने ।
- जिल्लाका उमनपा, नपा र गापाहरुमा सूचना डेस्क स्थापना गर्न पर्नेरहे छ ।
- पैरवीको क्रममा जसको सवाल उसकै सहभागितामा काम गर्नपर्ने रहेछ ।
- काम गर्ने सन्दर्भमा स्थानिय सरोकारवालाहरु सँग समन्वय गरेर कार्य संचालन गर्नु पर्ने ।

## ८.लक्षित समुह

यस संस्थामा सूचना र मानव अधिकार तथा लैंगिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा महिला, लैंगिक तथा यौनिक अल्पसंख्यक, दलित, अर्थिक रुपमा विपन्न घरपरिवार लगायत मूलप्रवाहिकरण गर्नमा कठिनाई भईरहेको छ । यस सन्दर्भमा यस रणनीतिक योजनाका लक्षित वर्ग तथा समुदाय तपशिल वमोजिम औल्याईएको छ ।

- महिला तथा वालिका
- अपाङ्गता भएका व्यक्ति
- दलित घरपरिवार
- आर्थिक रुपमा विपन्न परिवार
- जेष्ठ नागरिक
- लैगिंक तथा यौनिक अल्पसंख्यक
- अल्पसंख्यक तथा सिमान्तिकृत समुदाय

### ८.१ यस संस्थाको लक्षित समुदायहरु भएका बिशेष क्षेत्रहरु

लुम्विनि प्रदेशको बाँके र वर्दिया लगायतका जिल्लाहरुमा वसोवास गर्ने तपशीलका

(१)- मधेसी, दलित र मुस्लिम



Scanned with CamScanner

(२) पहाडी दलित
(३) मुस्लिम वस्ती
(४) मधेसी र मुस्लिम

## ९. संस्थाको वाहय वातावरण विश्लेषण

### ९.१ राजनैतिक अवस्था विश्लेषण

नेपालको सविधान २०७२ अनुसार देश संघ, प्रदेश र स्थानीय तहको संरचनामा प्रवेश गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहलाई धेरै अधिकारहरु दिएको छ । पारदर्शी रजवाफदेही रुपमा सेवा प्रवाह गर्ने, जनतालाई सुसुचित गर्ने, सूचनाको हकको प्रत्याभूती गर्ने, न्याय सेवा प्रवाह गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको छ । मुलुकमा ठुलो परिवर्तन भै धेरै अधिकारहरु दिएता पनि यहाको प्रशासकिय प्रर्णाली तथा सेवा प्रवाहमा खासै परिर्वतन नभएको अवस्था छ । सेवा प्रवाहमाा ढिलासुस्ती, आर्थिक लेनदेन, अनावश्यक झंझट र सूचनाको हक सम्वन्धि पर्याप्त मात्रामा जानकारी नहुनु, नागरिक वडापत्र अनुसार सेवाहरु उपलव्ध नगराइनु जस्ता समस्याहरु विद्मान नै रहेको छ । नव निर्वाचित पदाधिकारीहरुमा हाल विद्मान रहेको अन्यौलता, पारदर्शिता, जवाफदेहिता, सूचनाको हक सम्वन्धिज्ञान तथा दक्षताको अभाव, राजनैतिक प्रभाव आदिले सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन ।

सूचना लिन जांदा दिन आनाकानी गर्ने, ढिलासुस्ती गर्ने, लिखित रुपमा दिन नमान्ने, प्रत्येक तीन महिनामा सूचना अध्यावधिक गरी प्रकाशित गर्नुपर्ने जस्ता कार्यहरु हुन सकेको छैन । सूचना लिन जांदा सूचना दिने अधिकारीले कारवाही नै गर्न आएको जस्तो डर मान्ने प्रवृत्ति पनि रहेको छ । सूचना स्वतः प्रवाह हुने संस्कार र परिपाटी अझै विकास हुन सकेको छैन । क्ष्ज्च्क्ष ले गरेको सर्वेक्षण अनुसार बांके जिल्लामा २५०० सार्वजनिक निकाय मध्ये ४० देखि ४६ सम्म मात्र सूचना अधिकारी राखेको अवस्था छ । सूचनाको हक ऐन २०७४ अनुसार सार्वजनिक निकायले सूचना अधिकारी तोक्नुपर्नेमा अदालत, विधालय, गैर सरकारी संस्थाहरु, अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु, वैंक आदिले अझै पनि सूचना अधिकारी तोकेका छैनन ।

मानव अधिकारको क्षेत्रमा केही सुधार भएको अवस्था भएको छ जस्तै प्रहरीले पक्राउ र थुनुवा पुर्जी दिने गरेको छ भने हिरासतमा यातना दिने कार्यमा कमी आएको छ । तर पनि हिरासतमा रहने कैदीहरुलाई खाना तथा वस्नको राम्रो व्यवस्था नभएको, सरसफाई नभएको समस्या अझै पनि रहेको छ । इन्सेक ले प्रकाशित गरेको मानव अधिकार वर्ष पुस्तक २०१७ अनुसार बांके, वर्दियामा मानव अधिकारका १७५ वटा घटनाहरु भएको तथ्य प्रकाशित गरेको छ,जस्मा घरेलुहिंसा, बलात्कार, कुटपिट, हत्या जस्ता घटनाहरु बढी देखिएको छ ।

### ९.२ सामाजिक र सांस्कृतिक अवस्था विश्लेषण :

वांके र वर्दिया जिल्लामा विशेष गरी हिन्दु र मुस्लिम, थारु, पहाडी र मधेशी मुलका बासिन्दाहरुको वाहुल्यता रहेको जिल्ला हो । यसका साथै यस जिल्लामा दलित तथा अल्पसंख्यक समुदायको पनि उल्लेख्य उपस्थिति रहेको छ। यस समुदायमा गरीवी, घरेलु हिंसा, लैंगिक विभेद, कुटपिट, जातीय विभेद, तलाक, वोक्सीको आरोप, दाइजो जस्ता सामाजिक कुरितीहरु रहेको पाइन्छ ।समय समयमा हिन्दु मुस्लिम विचको मनमुटाव र टकरावले सामाजिक सद्भाव खलवलिएको घटनाहरु वेला वेलामा हुने गरेको छ । नेपालको संविधानले आफु र सार्वजनिक निकायको सरोकार राख्ने सवालमा सूचनाको



Scanned with CamScanner

हक प्रदान गरेता पनि यी वर्गहरुमा सूचनाको हक सम्वन्धि अनभिज्ञता रहेको पाइन्छ । यसका साथै यी वर्गहरुमा सार्वजनिक निकायले दिने सेवा प्रवाह पनि प्रभावकारी रुपमा हुन सकेको छैन । नेपालसरकारले के कस्ता सेवाहरु दिन्छन, के कस्ता छुटहरु दिएका छन्, सेवा लिने प्रक्रिया के हुन भन्ने वारेमा ज्यादै न्यून मात्र जानकारी रहेको छ । समाजमा पछाडि परिएका, राज्यका सेवा सुविधावाट वंचित समुदायको सूचनाको हक, जवाफदेहिता र पारदर्शिता, मानव अधिकार प्रतिको सचेतना कमी रहेको छ ।

**९.३ आर्थिक अवस्था विश्लेषण:**

बांके र वर्दिया जिल्ला आर्थिक दृष्टिकोणले पछाडि परेको जिल्ला पनि हो । भारतीय सिमासंग नाका जोडिएकोले आर्थिक गतिविधी बढी रुपमा भएता पनि गरीव तथा पछाडि पारिएका वर्गहरुको आर्थिक अवस्था कमजोर नै रहेको छ । यस जिल्लाहरुमा विभिन्न कृषी लगायत उधोगधन्दाहरु रहेको, होटेलहरु, ईटा भट्टाहरु, डिस्टिलरी, रहेको जस्मा श्रम ऐन अनुसार उचित ज्याला नदिइएको अवस्था रहेको छ । महिला तथा पुरुषहरुलाई ज्यालामा भेदभाव गर्ने, वैदेशिक रोजगारीमा जानेहरु ठगीमा पर्ने जस्ता समस्याहरु रहेको पाइन्छ । यसका साथै यातायात व्यवसायीहरु, होटेल संचालकहरु र व्यापारीहरुले मुल्य सूची टांसी सेवाग्राहीलाई सूचित गर्नुपर्ने कार्यहरु नभएको पाइन्छ । मुल्यमा ठगी गर्ने, अत्यधिक नाफा लिने, खुला रुपमा खाद्द पदार्थ विक्रि गर्नाले खानेकुरा दुषित हुने, मिसावट गर्ने जस्ता कार्यवाट उपभोक्ताको अधिकारको हनन भएका धेरै उदाहरणहरु पाइन्छन् ।वैदेशिक रोजगारमा जांदा के कस्तो प्रक्रिया अपनाइने, के कस्तो छुटहरु पाइने, शुल्क कति लाग्ने भन्ने वारेमा ससुचित हुने कार्यम पनि कमी भएको पाइन्छ । यसका साथै निर्माण व्यवसायीहरुले कति बजेट हो,काहांवाट आएको हो कति समयमा सकिने हो, भन्ने वारेमा सुसुचित गर्ने कार्य नभएको र निर्माण कार्यहरु पनि गुणस्तरहिन भएको पाइन्छ । यसका साथै राप्ती परिका गाउंपालिकाहरुमा वैंकहरु नभएको कारणले ऋृण लिन समस्या परेको जस्ता सवालहरु पनि यस जिल्लामा रहेका छ्न ।

**९.४ प्राविधिक अवस्था विश्लेषण**

विश्वमा प्रविधिको विकास संगै नेपालमा पनि प्रविधिको प्रयोग गर्ने प्रचलनमा व्यापकता आएको छ । प्रविधिले काममा सहजता पनि ल्याएको एकातिर छ भने अर्कोतिर जटिलता पनि थपेको छ । मोवाइल, इमेल, इन्टरनेट, सफटवेयर, मोवाइल एप्स, फेसवुक, टिवटर जस्ता सामाजिक संजालको प्रयोग वढदो अवस्थामा रहेको छ । गरीव तथा पछाडि पारिएका वर्गहरुको प्रविधि प्रयोग गर्ने ज्ञान तथा सीपमा कमी भएका कारण अझ वढी समस्या भएको स्थानीयको गुनासो रहेको छ । जिल्ला मालपोतमा अनलाइन प्रविधिमा दक्षता नभएको कारणले गरीव तथा पछाडि पारिएका वर्गले पाउने सेवामा झनै ढिलासुस्ती भएको गुनासो रहेको छ। कर्मचारीले इन्टरनेट सेवा छैन, वत्ति गएको छ, कर्मचारी कम धेरै सेवाग्राही आदि कारणले सेवा प्रभावकारी हुन सकेको छैन । सरकारी कार्यालयहरुले वेवसाइट वनाएता पनि यसको अद्दावधिक हुन नसकेको अवस्था छ ।

नेपाल सरकारले डिजिटल नागरिक वडापत्र राख्ने नीति लिएता पनि यस जिल्लामा शुरुवात हुन सकेको छैन । यसका साथै इउभल न्यखभचलकभलत स्वतव,एमँ, ध्यचम ाषिभ मा राख्ने ताकि नागरिकले पढेर, हेरेर र चाहेको जति कपी गरेर लिन सकुन भन्ने व्यवस्था पनि प्रभावकारी हुन सकेको छैन। टोल फि नम्वर राखेता पनि मानविय श्रोत परिचालन गर्न आर्थिक समस्या रहेकोले प्रभावकारी हुन सकेको छैन । यसका साथै वालवालिकाहरुले पनि विशेष गरेर मोवाइल, गेम, फेसवुक जस्ता आधुनिक प्रविधिहरुमा

वढी समय लगाएको जस्ले उनीहरुको पढाईमा अवरोध साथै साइवर क्राइम जस्तो समस्याहरु पनि थप गरेको छ।

## ९.५ वातावरणीय अवस्था विश्लेषण:

नेपाल विपद जोखिमको दृष्टिकोणले उच्च जोखिममा रहेको तथ्य यूनडिपिको प्रतिवेदनमा उल्लेख गरिएको छ भने जलवायू परिवर्तनको कारण अझ बढी जोखिम बढेको छ । वांके र वर्दिया जिल्ला पनि विपद तथा जलवायूजन्य जोखिमबाट प्रभावित जिल्ला हो ।बाढिका कारण बाके जिल्लाका नरैनापुर,डुडुवा,राप्ती,सोनारी, होलिया डुवानहुने र आगलागी हुने क्षेत्रमा पर्दछन भने खजुरा र वैजनाथ क्षेत्रमा कटानको समस्या रहेको छ । यसैगरी राप्ती पारिका गाउंपालिकामा कटान पटानले धेरै कृषीयोग्य जमिन वगरमा परिणत गरेको छ । विपद पश्चात हुने मानव अधिकारका हनन का घटनाहरु पनि हुने गरेको छ । राहत वितरण प्रक्रियामा भेदभाव, गरीव, दलित तथा पछाडि पारिएका वर्गको राहतमा पहुच कम हुने गरको छ । विपद सम्वन्धि ऐन, निती ,रणनिती,योजना र यस्का लागि विनियोजित बजेट र योजनाका बारेमा समुदायलाई सुचनाको अधिकार र शुशासित प्रक्रियाका का बारेमा जानकारी कमै मात्र भएको छ।

बाके जिल्ला नेपालको सबै भन्दा अत्यधिक गर्मी हुने जिल्लाको रुपमा परचित छ । अत्यधिक गर्मीका कारण विभिन्न स्वास्थ्य समस्याहरु जस्तै टाइफाइड, झाडापखाला र छाला सम्वन्धि रोग, वेहोस हुने गरेको पाइन्छ । गर्मीका समयमा आगलागि ,हवाहुरी जस्ता प्रकोपका घटनाले विपद्को अवस्था सृजना गरेको पाइन्छ । चिसोको समयमा अत्यधिक चिसो बढने शितलहर चल्ने जस्का कारण बालबालिका, महिला, वृद्दाहरु बढी प्रभावितहुने गरेको पाइन्छ । यसका साथै जलवायू परिवर्तनले खानेपानी प्रदुषित हनु, अतिवृष्टि, अनाबृष्टि साथै कृषि उब्जनीमा कमी आउनु, खडेरीको समस्या बढनु, नयाँ नयाँ रोगव्याधीहरु संक्रमण बढ्नु जस्ता समस्याहरु पनि यस क्षेत्रमा रहेका छन् ।

यस जिल्लामा खुल्ला दिशा पिशाव को पनी ठुलो समस्या देखीन्छ जस्का कारण झाडपखालको महामारी जस्ता रोगहरु पनि वेला वेलामा हुने गर्दछ ।फोहर मैलाको उचित व्यवस्थापन नहुनु, वढदो जनसंख्या , शहरीकरण ,उद्योगधन्दा बाट निस्कने फोहरको व्यवस्थापन नहुनु, सवारी साधानको चाँप वढ्नु, भौतीक पूर्वाधार निर्माणमा योजनावद्ध काम नहुनु, सार्वजनिक तलाउ, पोखरीको संरक्षण नहुनु आदिले वातवारणीय प्रदुषणको समस्या वढी मानिसको स्वच्छ वातावरणमा वांच्न पाउने अधिकार हनन भएको छ। नागरिक समाजको अगुवाईमा ग्रीन नेपालगंज, क्लिन नेपालगंज अभियान, सार्वजनिक शौचालय, सरसफाई फोहर व्यवस्थापन, वातावरण संरक्षण, रुख रोप्ने जस्ता अभियानहरु नियमित रुपमा संचालन हुदै आएको छ ।

## ९.६ कानुनी अवस्थाको विश्लेषण:

नेपालको सविधान २०७२ को धारा २७ ले सूचनाको हक शिर्षकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ भनी व्याख्या गरिएको छ तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन भन्ने व्यवस्था गरेको छ । सुचनाको हक सम्वन्धी ऐन २०६४ को प्रस्तावनामा पनि राज्यको काम कारवाही लोकतान्त्रिक पद्दति अनुरुप खुला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्व सुचनामा आम नागरिक को पहुच बढाउनको लागि आएको हो भन्ने ऐनको दफा २(ख) मा व्यवस्था गरेको छ भने दफा ४ मा सार्वजनिक निकायको दायित्व ,दफा ५ मा



Scanned with CamScanner

सुचनाको अधावधिक र प्रकाशन को व्यवस्था गरेको छ भने सो दफा मा प्रत्येक ३।३ महिना सुचना अध्यावधिक गरी स्वतस्फूर्त रुपमा प्रकाशन गर्नुपर्ने व्यवस्था पनि गरेको छ। सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ५(३) मा "सार्वजनिक निकायले सो निकायसँग सम्वन्धित देहायका सूचना सूचीकृत गरी प्रकाशन गर्नु पर्ने" कानूनी व्यवस्था गरेको छ ।

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ अनुसार नागरिक वडापत्र राख्नुपर्ने, मानव अधिकार ऐन २०६८ रस्थानिय सरकार सचांलन ऐन २०७४ मा पनि सूचनाको हक, सुशासनको वारेमा प्रष्ट रुपमा व्यवस्था गरेको भएता पनि पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन । विद्दमान ऐन नियमहरुमा भएको व्यवस्था अनुसार नागरिक हरुले थाहा पाउनु पर्ने कुराहरु पनि थाहा नपाएको अवस्था छ । नेपालको सविधान को धारा ४८ मा नागरिकको कर्तव्य अनुसार नागरिकले पनि नेपालको ऐन नियम कानुन मान्नु पर्ने व्यवस्था भएता पनि कर्तव्यको वोध भएको पाइदैन। स्थानिय सरकार सचांलन ऐन २०७४ मा स्थानीय तहले सुशासन समिति वनाउनुपर्ने, डिजिटिल प्रविधिवाट सेवा प्रवाहलाई प्रभावकारी वनाउनुपर्ने व्यवस्था भएता पनि सो कार्यान्वियन हुन सकेको छैन । विपद जोखिम न्यूनिकरण र व्यवस्थापन ऐन २०७४ मा विना भेदभाव सवैलाई उध्दार तथा राहत पाउने व्यवस्था गरेको छ । विशेष गरेर महिला, वालवालिका, जेष्ठ नागरिक र अपांगलाई प्राथमिकता दिएर उद्धार तथा राहतका कार्यगर्नुपर्ने व्यवस्था गरिएता पनि सो अनुसार हुन सकेको छैन ।

## १०. सवालहरु

१. सूचनाको हक सम्वन्धि ऐन २०६४ वारेमा सार्वजनिक निकायका पदाधिकारीहरुमा ज्ञानको कमी, जसले गर्दा समयमा सूचना नदिने, लिखित रुपमा दिन आनाकानी गर्ने र साथै सेवाग्राहीहरुमा पनि सूचनाको हक सम्वन्धि ज्ञानको कमी,

२. सूचना अधिकारी तोक्नुपर्ने प्रावधान रहेता पनि अझै पनि केही अदालत, विधालय, राजनैतिक दल, गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था र स्थानीय तहमा नभएको । साथै तीन तीन महिनामा सूचना अध्यावधिक गरी जारी गर्नुपर्ने सवै सार्वजनिक निकायले गर्ने नगरेको ।

३. सार्वजनिक निकायमा जवाफदेहिताका औजार, सुशासन, मानव अधिकार सम्वन्धि ज्ञानको कमी रहेको साथै भ्रष्टाचारको अवस्थामा सुधार आउन नसकेको र सेवाप्रदायक निकायहरु जिम्मेदार हुन नसकेको ।

४. स्वच्छ वातावरणमा वांच्न पाउने हक, जेष्ठ नागरिकको सामाजिक सुरक्षाको हक , वाल अधिकारको हक, शिक्षाको हक, उपभोक्ताको हक आदिको हनन भैरहेको । जस्तै यातायात व्यवसायीहरुले यातायातको मुल्य सूची टांस गर्नुपर्ने, जेष्ठ नागरिक, महिला अपांगलाई दिइने सेवा सुविधावारे जानकारी दिनुपर्ने, होटेल व्यवसायी, खुद्रा व्यापारीहरुले मुल्य टांस गर्नु जस्ता कार्यहरु नगरिएको साथै व्यापारीहरुले चर्को मुल्य लिने, खाद्द पदार्थमा मिसावट गर्ने कार्यहरु भैरहेको



Scanned with CamScanner

५. प्रहरीले अभियुक्तहरुलाई पक्राउ वा थुनुवा पुर्जी दिने गरेको तर समय उल्लेख नगर्ने, प्रहरीमा यातना दिने कार्यमा सुधार भएता पनि वन्दीहरुलाई दिने सेवा सुविधामा सुधार नआएको जस्तै खान, वस्न राम्रो नदिएको, क्षमता भन्दा बढी कैदी राखिएको, सरसफाईको समस्या भएको ।

६. द्वन्द पिडितहरुले न्याय नपाएको जस्तै वेपत्ताको नाम सार्वजनिक नगरेको, राहत, क्षतिपूर्ति पुर्णरुपमा नपाएको, आवश्यक प्रमाणहरुका कागजातहरु नपाएको र परिवारलाई शिक्षा, रोजगारीको व्यवस्था नगरेको ।

७. होटेल, सिमेन्ट फयाक्ट्री, डिस्टिलरी, ईटा भट्टा र कृषी कार्यमा उचित ज्याला नदिने, वालवालिकाको प्रयोग, समान कामकोलागि समान ज्यालामा विभेद गरी महिला र पूरुपलाई कम र बढी दिने गरेको । (ज्यालामा विभेद र वालश्रम)

८. विपदको समयमा राहत वितरणमा भेदभाव हुने, पिडितले नपाउने , विपदको समयमा कसरी सुरक्षित रहने भन्ने सूचना प्रवाह भएको । वाढीको विपदले गर्दा खेतीयोग्य जमिनहरु कटान पटान हुने र उब्जनी कम हुने

९. हिन्दू मुस्लिम विच मतभेद र झगडाले शान्ती र सद्भावमा असर, महिला हिंसा, तलाक जस्ता कुरिति, वाल श्रम, जस्ता सामाजिक सवालहरु यथावत नै रहेको र यससंग सम्वन्धित कानूनी व्यवस्थाहरुको वारेमा समुदायलाई न्युन जानकारी भएको (सामाजिक सद्भाव र शान्तिको अवस्था जोखिममा रहेको)

१० मानिसको स्वच्छ वातावरणमा वांच्न पाउने अधिकार हनन भएको । वाटोघाटो, तलाउमा फोहरको समस्या ,डिस्टिलरी तथा उधोगधन्दावाट निस्कने रासायनिक तथा फोहर पदार्थ, धेरै मात्रामा कृषीमा विपादीको प्रयोग, सार्वजनिक शौचालयको अभाव भएको (स्वास्थ्य अधिकार हुन नसेको)

११ प्रविधिको उच्चतम विकास भएको तर प्रविधि प्रयोग गरेर नागरिकालाई सूचित गर्ने र सेवा दिने कार्य प्रभावकारी नभएको, स्थानीय तहले दिने सेवाहरुमा डिजिटल प्रविधी अपनाई सेवा प्रवाहमा प्रभावकारिता ल्याउने नीति भएता पनि कार्यान्वयनमा नआएको (सबैमा पहूँच नभएको)

१२न्यायालयमा गरीव तथा विपन्न वर्गलाई न्याय दिने संयन्त्रको व्यवस्था गरेको, साथै शिक्षा, स्वास्थ्य, कृषी, पशुपालनको क्षेत्रमा विभिन्न छुट तथा अनुदानको व्यवस्था भएता पनि सेवाग्राहीलाई न्यून रुपमा मात्र जानकारी भएको

१३ वजार व्यवस्थापन, ईरिक्सा तथा ठेला, गुम्टी व्यवस्थापन हुन न सकेको ।



Scanned with CamScanner

## ११. संस्थाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण

**सबल पक्ष**

- सूचनाको हकका क्षेत्रमा विशेष काम गर्ने संस्थाको रुपमा पहिचान कायम गरेको ।
- संस्थामा दक्ष जनशक्तिहरु रहेको (सूचनाको हकका क्षेत्रमा कम्तीमा ७ जना, कानून विज्ञ ४ जना, मिडियाकर्मी ४ जना, महिला तथा वालवालिकाको क्षेत्र मा दक्षता भएका ३ जना, मानव अधिकार र खाद्य अधिकारमा दक्षता भएका ४ जना, सार्वजनिक जनहित याचिका सम्वन्धि दक्ष ४ जना, )
- स्थानीय तह, जनप्रतिनीधिहरु, सरकारी तथा गैरसरकारी निकायहरुसंग राम्रो समन्वय र सम्वन्ध रहेको । जस्तै नागरिक संजाल, विषयगत क्षेत्र संजाल, स्थानिय सभा, साझेदारी मंच जस्ता संरचना रहेको ।
- स्थानिय तह, सरकारी तथा गैरसरकारी निकायहरुले सूचनाको हक, शुसासनको वारेमा फोकल पर्सनको रुपमा प्रयोग गर्ने गरेको ।
- संस्थाका कार्यसमिति, साधारण सदस्य तथा सल्लाहकारहरु गैसस महासंघ, नेपाल वार एशोसिएसन, नेपाल मानव अधिकार संगठन, सूचनाको हकका लागि राष्टिय महासंघ, नेपाल पत्रकार महासंघ जस्ता नेटवर्कको नेतृत्व तथा पदाधिकारीमा रहेको ।
- संस्थाद्धारा नागरिक खबरदारी, दवाव, दिवसीय जस्ता अभियानमुलक कार्य सञ्चालन सम्वन्धि दक्षता र अनुभव भएको र सवालहरुको उठान गर्ने गरेको ।
- वाँके र वर्दिया जिल्लामा ५ वटा स्थानीय तहमा सूचना अधिकार समुह सञ्जाल निमार्ण भएको, १० जना सूचना अभियन्ताहरु भएको साथै ५ जना युवा स्वयम्सेवकहरु भएको ।
- मिडियाहरु (कृष्णसार, वागेश्वरी एफएम, दैनिक नेपालगंज, कालपृष्ठ, मिसन टुडे, पत्रिका तथा अनलाइनहरु) मा सस्थाका क्रियालाप तथा उठाइने सवालहरु नियमित प्रकाशन र प्रसारण हुने गरेको ।
- संस्थाको वेवसाइट नियमित अधावधिक गरि प्रचार प्रसारमा सहयोग पुगेको ।
- संस्थामा १० भन्दा बढी निति निर्देशिकाहरु तयार भई कार्यान्वयनमा रहेको ।
- संस्थासंग स्थानीय तहका निति कानूनहरु निमार्ण गर्ने दक्षता रहेको र संस्थाले अन्य संस्थाको ( ओका ) संस्थागत क्षमता लेखाजोखा गर्ने क्षमता रहेको ।
- संस्थामा सूचनाको हक, कानून, सामाजिक जवाफदेहिताका औजारहरु जस्ता बारेमा दक्ष जनशक्ती रहेको ।



Scanned with CamScanner

## कमजोर पक्ष

- संस्थामा दस्तावेजीकरण, अभिलेखीकरण, प्रकाशन, प्रचारप्रसार कार्य प्रभावकारिताको लागि सूचना प्रविधिमैत्री बनाउनुपर्ने ।
- संस्थामा परियोजना लक्षित कर्मचारी मात्र भएको ।
- उत्कृष्ट ( एडभान्स) प्रस्तावना लेखनमा दक्ष जनशक्ति तयार गर्नुपर्ने ।
- दातृ निकायमा सर्म्पक र समन्वयमा वृद्धि गर्नुपर्ने र संस्थाको आन्तरिक कोष स्थापना गर्नु पर्ने
- संस्थामा आवश्यक्ता अनुसार भौतिक संरचना र सवारी साधनको व्यवस्था गर्नुपर्ने ।
- संस्थाले नियमित रुपमा कर्मचारी र पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि कार्ययोजना निमार्ण गरि कार्यान्यिवन गर्नुपर्ने ।

## अवसरहरु

- नेपाल सरकारले वनाएका विद्यमान कानूनहरु जस्तै नेपालको संविधान २०७२, मौलिक हक, सुचनाको हक सम्वन्धी ऐन २०६४, पुर्ण रुपमा कार्यान्वयन गर्न पहल गर्न सकिने ।
- *स्थानिय सरकार संचालन ऐन २०७४* मा सुशासन समिति बनाउनु पर्ने, सुशासन ऐन २०६४, सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्ने, सूचना प्रवाह गर्नुपर्ने जस्ता प्रावधान रहेकोले सुशासनको क्षेत्रमा काम गर्ने अवसर रहेको
- गैर सरकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय निकायहरुको उपस्थिति रहेकोजस्तै एफ, एच.आई, एक्शन एड, प्लान, सेभ द चिल्ड्रेन, केयर, यूनिसेफ, यूएनडिपी,आरआरएन, जिआइजेड जस्ता दातृ संस्थाहरुको उपस्थित
- संविधानमै जनताको स्वच्छ वातावरणमा वाँच्न पाउने अधिकार, वातवरण ऐनमा सरसफाई सम्वन्धि व्यवस्था, फोहर मैला व्यवस्थापन ऐन २०६८, वातावरण मैत्री स्थानीय शासन २०६९, वातावरण संरक्षण र सरसफाई सम्वन्धि व्यवस्था गरेको साथै समुदायको वातावरण संरक्षण र व्यवस्थापन सम्वन्धि माग बढदो
- वाल अधिकार माहासन्धी, वालवालिका सम्वन्धि २०४८ , नेपाल सरकारको बाल मैत्री स्थानीय शासनले वालवालिकाको सुधारको लागि कार्य गर्न सकिने र यस संग सम्वन्धित दातृ संस्थाहरु रहेको
- नेपाल सरकारले सवै सार्वजनिक निकायले डिजिटल प्रविधिमा नागरिक वडापत्र राख्नुपर्ने स्थानीय तहको अधिकार र जिम्मेवारीमा रहेको
- स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार संस्थालाई प्रत्येक नगरपालिका, गाउँ पालिका जस्ता निकायहरुमा दर्ता (सूचिकृत) गर्नुपर्ने ।



Scanned with CamScanner

चुनौतीहरुः

- समाजमा धार्मिक तथा साँस्कृतिक सदभाव कायम गर्न
- संस्थामा स्रोत वृद्धिका लागि दक्ष जनशक्तिको अभाव
- आकास्मिक महामारीको प्रकोप बढने ।
- अस्वस्थ तथा अस्थिर राजनितिक परिवेश
- यातायात र कार्य क्षेत्रमा सुरक्षित वातावरण कायम गर्न ।
- सार्वजनिक निकायलाई जवाफदेहि बनाउना ।

## १२. सरोकारवालाहरु

यस संस्थामासंस्थागत रणनीतिक योजना कार्यान्वयनका लागी निम्नानुसारका सरोकारवालाहरु तथा प्रदान गर्ने सेवाको नक्साङ्कन गरिएको छ ।

### १२.१ प्राथमिक सरोकारवालाहरु (लाभान्वित वर्ग)

- राज्यको सेवा सुविधावाट वंचित, गरीव तथा पछाडि पारिएका र मधेशी, जनजाती र मुस्लिम अल्पसंख्यक समुदाय जस्तै कुसवधिया, खटिक, चिडिमार, मगन्ते, घंसियारा, माझी, शीख समुदाय, थारु र द्वन्द पिडित
- दलित, अपांग, महिला, वालवालिका, जेष्ठ नागरिक, विपद्‌वाट प्रभावित, लैंगिक अल्पसंख्यक

### १२.२ स्थानिय तह

१२.२.१ गाउँपालिका, नगरपालिका, उपमाहानगरपालिका

- सूचना, मानव अधिकार,सुशासन र लैगिंक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहिकरणका लागी आवश्यक कानुन, नीति, कार्यविधि तथा निर्देशिकाको तर्जुमा र कार्यान्वयन गर्ने ।
- सूचना, मानव अधिकार, सुशासन र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा आवश्यक कार्यक्रमहरुको तर्जुमा, स्रोत व्यवस्थापन र कार्यान्वयन गर्ने ।
- सूचना, मानव अधिकार, सुशासन र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा कार्य गर्नका लागी आवश्यक संरचनाको निर्माण गर्ने ।
- सूचना, मानव अधिकार, सुशासन र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागी आवश्यक जनशक्तिको विकास गर्ने ।
- स्थानीय स्तरमा खण्डीकृत तथ्याङ्क व्यवस्थापन गर्ने ।



Scanned with CamScanner

- अल्पसंख्यक तथा पछाडि पारिएका समुदायको सशक्तिकरण तथा उत्थानका लागी विशेष कार्यक्रम तथा अभियान संचालन गर्ने ।
- न्यायीक समिति मार्फत लैगिंक हिंसा, बाल बिवाह, जातीय बिभेद जस्ता बिभिन्न घटनाहरुको निदान गर्ने ।
- पूर्वाधार बिकासमा लैगिंक मैत्री, अपाङ्गमैत्री संरचनाहरुको बिकास गर्ने गर्न लगाउने ।
- स्थानीय तहलाई लैगिंक मैत्री र समावेशी वनाउनका लागी आवश्यक कार्यहरु गर्ने ।

### १२.२.२. वडा कार्यालयहरु

- वडा स्तरमा सूचना, मानव अधिकार, सुशासन र लैगिंक समानता तथा सामाजिक समावेशीकरणका लागी आवश्यक कार्यक्रमको तर्जुमा र कार्यान्वयन ।
- वडामा सूचना, मानव अधिकार, सुशासन र लैससासका क्षेत्रमा अभियान संचालन गर्ने तथा सेवा प्रवाहमा पछाडि पारिएको क्षेत्र, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायतलाई प्राथमिकता दिने ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई व्यवस्थित गर्ने ।
- वडालाई लैगिंक मैत्री र समावेशी वनाउनका लागी आवश्यक कार्यहरु गर्ने ।

### १२.२.३. स्वास्थ्य चौकीहरु

- पछाडि पारिएका समुदाय, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति लगायतका लागी आधारभूत स्वास्थ्य सेवा, वालबालिकाहरुका लागी खोप, गर्भवती तथा सुत्केरी स्याहार लगायतका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।
- स्वास्थ्य क्षेत्रका समस्याहरुको पहिचान र निदानका लागी आवश्यक पहल गर्ने ।
- किशोर किशोरी मैत्री स्वास्थ्य सेवा संचालन गर्ने ।
- पछाडि पारिएका समुदायका बालवालिका, महिलाहरुको पोषण सुधारका लागी आवश्यक कार्यहरु गर्ने ।

### १२.२.४. प्रहरी चौकी

- समुदाय प्रहरी साझेदारि मार्फत समुदायमा कानुनी सचेतना फैलाउने ।
- सामाजिक अपराधको रोकथाम गर्ने ।
- विभिन्न कुरिति, कुसंस्कृति तथा हानिकारक अभ्यासहरु बिरुद्ध कार्य गर्ने ।



Scanned with CamScanner

### १२.२.५. आमा समुह, बाल क्लब तथा युवा क्लबहरु

- विभिन्न कुरिति, कुसंस्कृति तथा हानिकारक अभ्यासहरु विरुद्ध सचेतना फैलाउने ।
- सरकारका विभिन्न नीति तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहभागी हुने तथा समुदाय परिचालन गर्ने ।
- सरकारका विभिन्न नीति तथा कार्यक्रमहरुको प्रचार प्रसार तथा निगरानी गर्ने ।
- सामाजिक अपराधको सम्वन्धित निकायमा जानकारी गराउने ।
- विभिन्न हिंसा पिडितहरुको राहत, पुर्नस्थापनाका लागी आवश्यक समन्वय गर्ने ।

### १२.३. गैरसरकारी संस्था तथा बिकास साझेदारहरु ( राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघसंस्थाहरु

- समुदाय सचेतीकरणका लागी आवश्यक कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा पछाडि पारिएका समुदायको क्षमता विकास, सिप विकास तथा सशक्तिकरणका लागी कार्यक्रमहरु संचालन गर्ने ।
